जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ | अंक : २४६ | २०८२ साल चैत्र १८ गते, बुधबार | Wednesday, Arp.– 01 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## देवतालमा निधि आवास योजनमा व्यापक अनियमिथा, कार्यालय प्रमुख साहले करोडौ रकम सिध्याए पनि घर अधुरै!






***संवाहक सम्वादाता-१७चैत्र, कलैया***

बाराका पूर्वाधार विकास कार्यालयद्वारा सञ्चालित निधि आवास र मदन भण्डारी आवास योजनामा व्यापक भ्रष्टाचार उजागर भएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कार्यालय प्रमुख ओम कुमार साहमाथि छानबिन सुरु गरेको छ।

स्थानीय स्रोतका अनुसार, महागढीमाई नगरपालिका, वार्ड नं ९ पिप्राविर्ता र देवताल-फुलवरियामा पिडित, दलित र विपन्न वर्गका लागि निर्माण गरिएका घरहरू अधुरो, गुणस्तरहीन र जोखिमयुक्त छन्। अधिकांश घर कमसल ईंट (३/४ नम्बर) र खोलाको बालुवाबाट बनेका छन्। झ्याल, ढोका र प्लास्टर नभएको, छाना राखिएको भए पनि गुणस्तरहीन रहेको पाइएको छ।

योजनामा प्रत्येक घरमा साढे छ लाख रुपैयाँ छुट्याइएको भए पनि अधिकांश रकम कमिशन र अनियमिततामा खेर गएको आरोप उठाइएको छ। धनी वा सम्पन्न व्यक्तिलाई कमिशनको भरमा ‘उपहार’ स्वरूप घर वितरण गरिएको र वास्तविक आवश्यकता भएका विपन्न र दलित परिवारलाई हप्की र अधुरो घर दिइएको स्थानीयले बताएका छन्।

छानबिनको क्रममा अख्तियारले कार्यालय प्रमुख ओम कुमार साहसहित अन्य कर्मचारीहरूको सम्पर्क, बैंक खाता र वित्तीय लेनदेनको विवरण संकलन गरेको छ। यस क्रममा कार्यालयमा रहेका रोक्का रकम करिब १४ करोड रुपैयाँ झिकिएको जनाइएको छ। रोक्का रकममा हेरफेर, बाँडफाँड र मिलिभगत गरेर अनियमित वितरण गरिएको प्रमाण जुटाउने प्रयास भइरहेको छ। स्थानियले भनेका छन्, “करोडौँ रकम स्वाहा भयो, हामीलाई अधुरो घर दिइयो, तर धनी र परिचितलाई घर उपहारजस्तो दिइयो। अख्तियारले छानबिन गर्न थालेको छ भने हामी न्यायको आशा राख्न सक्छौं।”

अख्तियारले अनुसन्धानका क्रममा आवास निर्माण, बजेट प्रयोग, निर्माण सामग्रीको गुणस्तर, वितरण प्रक्रिया र कमिशनसहितको सम्पूर्ण अनियमितताको विस्तृत छानबिन गर्ने जनाएको छ। यस प्रकरणले सरकारी आवास योजनामा पारदर्शिता, गुणस्तर र दलित तथा विपन्न वर्गको हित सुनिश्चित गर्न तत्काल सुधारको आवश्यकता देखाएको छ। विशेषज्ञहरूको मत अनुसार, रोक्का रकम झिकिए पनि दोषी व्यक्तिहरूमाथि समयमै कारबाही नगरेसम्म भ्रष्टाचार र अनियमितताको जोखिम कायम रहने छ। यही कारणले योजना र प्रदेश सरकारको लगानीमा निगरानीको कडाइ आवश्यक रहेको चर्चा भइरहेको छ। कार्यालय प्रमुख आफ्नो बचाउमा परतिक्रिया दिए।

## बारामा निजी विद्यालयद्वारा हरेक वर्ष पाठ्यपुस्तक परिवर्तन गर्ने मनपरीमा ब्रेक

***संवाहक सम्वादाता-१७चैत्र, कलैया***



जीतपुरसिमरा उप महानगरपालिकाले निजी विद्यालयहरूमा जारी हरेक वर्ष पाठ्यपुस्तक परिवर्तन गर्ने अभ्यासमा कडा अंकुश लगाएको छ। उपमहानगरपालिकाले औपचारिक पत्र जारी गर्दै अब कुनै पनि विद्यालयले पूर्व स्वीकृति बिना पाठ्यपुस्तक परिवर्तन गर्न नपाउने व्यवस्था लागू गरेको छ।

पछिल्ला वर्षहरूमा विद्यालयहरूले पुस्तक बारम्बार परिवर्तन गर्दा अभिभावकमाथि अनावश्यक आर्थिक बोझ बढेको गुनासो बढेपछि यो निर्णय गरिएको हो। एउटै विषयका पुस्तकहरू प्रत्येक वर्ष बदलिँदा पुराना पुस्तक पुनः प्रयोग गर्न नसकिने भएकाले मध्यम तथा न्यून आय वर्गका परिवारहरू बढी प्रभावित भएका थिए।

नगर प्रमुख राजन पौडेलको निर्देशनअनुसार अब पाठ्यक्रम परिवर्तन वा अत्यावश्यक कारणबाहेक पुस्तक परिवर्तन गर्न पाइने छैन। आवश्यकता परेमा विद्यालयले ठोस कारणसहित उपमहानगरबाट स्वीकृति लिन अनिवार्य हुनेछ।

निर्देशन कार्यान्वयनका लागि शिक्षा महाशाखामार्फत नियमित अनुगमन तीव्र बनाइने र नियम उल्लंघन गर्ने विद्यालयमाथि प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी उपमहानगरले दिएको छ।

स्थानीय अभिभावक सन्जय यादवले यस निर्णयको स्वागत गर्दै भने, “यसले शिक्षामा अनुशासन र पारदर्शिता बढाउने छ,” जसले अभिभावकको आर्थिक भार घटाउने र पाठ्यपुस्तक व्यवस्थापनमा एकरूपता कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## सुशासन मार्गचित्र: जिल्ला समन्वय समिति खारेज गर्न सिफारिस

***संवाहक सम्वादाता-१७चैत्र, कलैया***



प्रशासनिक खर्च कटौती र संरचनागत सुधारलाई लक्ष्य बनाउँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तयार पारेको सुशासन मार्गचित्र-२०८२ ले देशभरका जिल्ला समन्वय समिति (जिसस) खारेज गर्न सिफारिस गरेको छ।

२०७२ को संविधानअनुसार ७७ वटै जिल्लामा स्थापना गरिएको जिससलाई गाउँपालिका, नगरपालिका तथा संघ-प्रदेशका कार्यालयबीच समन्वय गर्ने संवैधानिक निकायका रूपमा परिभाषित गरिएको छ। संविधानको धारा २२० मा प्रमुख, उपप्रमुख, कम्तीमा तीन महिला तथा एक दलित वा अल्पसंख्यक सदस्यसहित ९ सदस्यीय संरचना रहने व्यवस्था छ।

तर व्यवहारमा जिससले अपेक्षित रूपमा समन्वय, अनुगमन तथा

बाँकी तेस्रो पृष्ठमा

## नारायणी अस्पतालमा विशेषज्ञ चिकित्सक फर्काइए, सेवामा सुधारको अपेक्षा

***संवाहक सम्वादाता-१७चैत्र, कलैया***




मधेस प्रदेशकै प्रमुख सरकारी स्वास्थ्य संस्था नारायणी अस्पताल मा लामो समयदेखि अभाव देखिएको विशेषज्ञ चिकित्सक सेवा सुधार हुने संकेत देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ले दरबन्दी भएर पनि अन्यत्र काजमा रहेका ५ जना वरिष्ठ विशेषज्ञ चिकित्सकलाई तत्काल आफ्नै कार्यस्थल फर्कन निर्देशन दिएको हो।

स्वास्थ्य मन्त्री निशा मेहता को पहलमा गरिएको यस निर्णयले सरकारी अस्पतालमा विशेषज्ञ जनशक्ति अभाव न्यूनीकरण गर्ने अपेक्षा गरिएको छ। लामो समयदेखि नारायणी अस्पतालमा दरबन्दी भएका चिकित्सकहरू काठमाडौँका ठूला अस्पतालमा काज मिलाएर बस्ने वा निजी क्लिनिकमा व्यस्त रहने प्रवृत्तिका कारण सेवाग्राहीले पर्याप्त उपचार पाउन सकेका थिएनन्।

मन्त्रालयको निर्णयअनुसार राष्ट्रिय ट्रमा सेन्टर मा काजमा रहेका वरिष्ठ कन्सलटेन्ट अर्थोपेडिक सर्जन डा. सुशील समदर्शी र सर्जन डा. मुकेश पौडेललाई वीरगञ्ज फिर्ता गरिएको छ। त्यसैगरी परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल मा कार्यरत रेडियोलोजिष्ट डा. सन्तोषकुमार गुप्ता र गाइनोकोलोजिष्ट डा. मिसन्ता शर्मालाई पनि दरबन्दीस्थलमा फर्काइएको छ। साथै वीर अस्पताल मा काजमा रहेका एनेस्थेसियोलोजिष्ट डा. सुयोग्य वाग्लेलाई समेत नारायणी अस्पतालमै हाजिर हुन निर्देशन दिइएको छ।

विशेषज्ञ चिकित्सकको अभावका कारण लामो समयदेखि बिरामीहरू निजी अस्पतालमा महँगो उपचार गराउन बाध्य थिए। अब यी चिकित्सकहरूको उपस्थितिले अस्पतालका उपकरणहरूको पूर्ण उपयोग हुने, जटिल शल्यक्रियासहितका सेवा नियमित सञ्चालनमा आउने र सर्वसाधारणले सहज रूपमा गुणस्तरीय उपचार पाउने अपेक्षा गरिएको छ।

मन्त्रालयले पहिलो चरणमा नारायणी अस्पतालसहित डडेलधुरा अस्पताल र गजेन्द्र नारायण सिंह अस्पताल लाई प्राथमिकतामा राखेर विशेषज्ञ चिकित्सक व्यवस्थापन थालेको जनाएको छ। यस कदमले सरकारी अस्पतालमा काज प्रथाको विकृति नियन्त्रण हुने र सेवा प्रवाहमा सुधार आउने विश्वास गरिएको छ।

## मुद्दा मिलाइदिने बहानामा ५० हजार घुस लिँदै अदालत कर्मचारी पक्राउ

***संवाहक सम्वादाता-१७चैत्र, कलैया***



रौतहट जिल्ला अदालतमा कार्यरत एक कर्मचारी घुस रकमसहित रंगेहात पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग को हेटौंडा कार्यालयबाट खटिएको विशेष टोलीले अदालतका डिट्ठा लभकुमार सिंहलाई ५० हजार रुपैयाँ घुस लिँदै गर्दा नियन्त्रणमा लिएको हो। आयोगका अनुसार एक सेवाग्राहीसँग मुद्दा मिलाइदिने र अनुकूल निर्णय गराइदिने आश्वासन दिँदै रकम मागिएको उजुरी परेपछि घटनाबारे गोप्य निगरानी सुरु गरिएको थियो। सोही निगरानीका क्रममा डीएसपी राजिव श्रेष्ठको नेतृत्वमा खटिएको टोलीले गौरस्थित जिल्ला अदालत परिसरमै सिंहलाई रकमसहित पक्राउ गरेको जनाएको छ। प्रारम्भिक अनुसन्धानमा सिंहले आफ्नो पदको दुरुपयोग गर्दै न्यायिक प्रक्रियामा प्रभाव पार्ने उद्देश्यले सेवाग्राहीसँग घुस मागेको र लिएको देखिएको आयोगले जनाएको छ।

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

### "ब्लु बस" योजना–सुरक्षित यात्रा कि अस्थायी प्रचार?

सरकारले सार्वजनिक यातायातलाई महिलामैत्री र सुरक्षित बनाउने उद्देश्यसहित सातै प्रदेशमा "ब्लु बस" सञ्चालन गर्ने योजना अघि सारेको छ। 'शासकीय सुधारका लागि १०० बुँदे कार्यसूची' अन्तर्गत छोटो समयमै यसको सुरुवात गर्ने लक्ष्य राखिनु सकारात्मक संकेत हो। सार्वजनिक सवारीमा महिलाले भोग्दै आएका असुरक्षा, दुर्व्यवहार र असुविधाका समस्या दीर्घकालदेखि उठ्दै आएका विषय हुन्। त्यस सन्दर्भमा "ब्लु बस" जस्तो लक्षित पहल आवश्यक र स्वागतयोग्य छ। तर, यस्ता योजनाहरू घोषणा गर्न सजिलो भए पनि दिगो रूपमा कार्यान्वयन गर्न कठिन हुने नेपाली अनुभव नयाँ होइन। चितवनमा परीक्षणका रूपमा चलाइएको ब्लु बस सेवा सकारात्मक प्रतिक्रिया पाए पनि प्राविधिक र कानुनी जटिलताले स्थगित हुनु यसैको उदाहरण हो। यसले स्पष्ट देखाउँछ–नीतिगत स्पष्टता, कानुनी आधार र प्राविधिक तयारीबिना कुनै पनि राम्रो अवधारणा लामो समय टिक्न सक्दैन।

यातायात क्षेत्रका विज्ञ र व्यवसायीहरूले उठाएका प्रश्नहरू पनि गम्भीर छन्। बस सञ्चालन मात्र समाधान होइन; प्रभावकारी ट्राफिक व्यवस्थापन, नियमित अनुगमन, सेवा गुणस्तरको मापन र दिगो आर्थिक स्रोतको सुनिश्चितता अपरिहार्य छन्। अन्यथा, यस्तो योजना प्रारम्भिक उत्साह र प्रचारमै सीमित हुने जोखिम रहन्छ। विगतका "दूत बस" जस्ता प्रयासहरू किन सफल हुन सकेनन् भन्ने आत्मसमीक्षा नगरी पुनः उही बाटो दोहोर्याउनु बुद्धिमानी हुँदैन।

अर्कोतर्फ, अहिलेको सन्दर्भमा सार्वजनिक यातायातलाई विद्युतीय प्रणालीतर्फ रूपान्तरण गर्नु पनि उत्तिकै महत्वपूर्ण छ। डिजेलमा आधारित सेवा महँगो मात्र होइन, वातावरणीय दृष्टिले पनि अस्थायी समाधान हो। यदि "ब्लु बस" लाई दीर्घकालीन र नमुना परियोजनाका रूपमा स्थापित गर्ने हो भने यसलाई विद्युतीय, प्रविधिमैत्री र पहुँचयोग्य बनाउनुपर्छ। महिलामैत्री यातायात केवल छुट्टै बस सञ्चालन गर्ने विषय मात्र होइन; यो समग्र प्रणाली सुधारसँग जोडिएको सवाल हो। बसभित्रको सुरक्षा, चालक-सहचालकको व्यवहार, निगरानी प्रणाली, उजुरी संयन्त्र र यात्रुको विश्वास–यी सबै पक्षलाई सँगसँगै सुधार गर्नुपर्छ।

अन्ततः, "ब्लु बस" योजना सफल हुने कि नहुने भन्ने कुरा घोषणामा होइन, कार्यान्वयनको गुणस्तरमा निर्भर रहनेछ। सरकार यदि साँच्चिकै सुरक्षित र समावेशी सार्वजनिक यातायात चाहन्छ भने दीर्घकालीन सोच, पर्याप्त लगानी र कडाइका साथ कार्यान्वयनतर्फ केन्द्रित हुनैपर्छ। अन्यथा, यो पनि अर्को अल्पकालीन 'लोकप्रिय कार्यक्रम' को सूचीमा सीमित हुने खतरा रहिरहनेछ।

# बेथिति हटाउने मार्गचित्र




सयबुँदे घोषणा कुनै कानुनी दस्तावेज होइन । यसलाई सरकारको प्रारम्भिक 'रोडम्याप' वा 'अभिमुखीकरण दस्तावेज' का रूपमा बुझ्नु उपयुक्त हुन्छ । यसले सरकारको सोच, प्राथमिकता र कार्यदिशा सङ्केत गर्छ तर यसको कार्यान्वयन स्वतः सुनिश्चित हुँदैन । वास्तविक प्रभाव त्यतिबेला मात्र देखिन्छ, जब यी बुँदा कानुनी संरचना, बजेटीय व्यवस्था र प्रशासनिक संयन्त्रसँग जोडिएर कार्यान्वयनमा जान्छन् ।



राजेश विद्रोही

नवगठित बालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले पहिलो मन्त्रीपरिषद् बैठकबाट 'शासकीय सुधारका सय बुँदा' सार्वजनिक गरेको छ। सामान्यतः यस्ता नीति-दिशा सरकारको औपचारिक नीति तथा कार्यक्रम वा बजेटमार्फत सार्वजनिक हुने प्रचलन रहँदै आएको छ तर यस पटक सरकार गठनसँगै यति व्यापक र विस्तृत घोषणापत्र आउनु असामान्य मात्र होइन, समकालीन राजनीतिक अभ्यासमा एक प्रकारको प्रयोगका रूपमा पनि देखिएको छ । यही कारणले यसले व्यापक चासो, समर्थन र बहस एकैसाथ उत्पन्न गरेको छ ।

लोकतान्त्रिक अभ्यासमा नयाँ सरकारलाई कम्तीमा सय दिनको 'मधुमास अवधि' दिने परम्परा रहँदै आएको छ । जहाँ सरकारलाई आफ्नो प्राथमिकता निर्धारण, संयन्त्र निर्माण र कार्यदिशा स्पष्ट पार्न समय प्रदान गरिन्छ तर बालेन सरकारले यस अवधिको प्रतीक्षा नगरी तत्कालै सयबुँदे कार्यसूची सार्वजनिक गर्नुले यसको कार्यशैली परम्परागत राजनीतिक ढाँचाभन्दा फरक हुने सङ्केत गर्छ । यसलाई केवल आलोचनात्मक दृष्टिले मात्र होइन, प्रारम्भिक मूल्याङ्कन र सम्भावनाको कोणबाट पनि हेर्न आवश्यक छ ।

सयबुँदे घोषणा कुनै कानुनी दस्तावेज होइन । यो न त ऐन हो, न नीति तथा कार्यक्रम, न बजेट, न कार्यविधि । यसलाई सरकारको प्रारम्भिक 'रोडम्याप' वा 'अभिमुखीकरण दस्तावेज' का रूपमा बुझ्नु उपयुक्त हुन्छ । यसले सरकारको सोच, प्राथमिकता र कार्यदिशा सङ्केत गर्छ तर यसको कार्यान्वयन स्वतः सुनिश्चित गर्दैन । वास्तविक प्रभाव त्यतिबेला मात्र देखिन्छ, जब यी बुँदा कानुनी संरचना, बजेटीय व्यवस्था र प्रशासनिक संयन्त्रसँग जोडिएर कार्यान्वयनमा जान्छन् । यस सन्दर्भमा अहिले नै यसलाई अन्तिम उपलब्धि वा असफलता ठहर गर्नु हतार हुने छ । कम्तीमा एक वर्ष र एउटा पूर्ण बजेट चक्र कुर्दा मात्र यसको प्रभावकारिता स्पष्ट रूपमा मूल्याङ्कन गर्न सकिन्छ तर प्रारम्भिक चरणमै यसलाई लिएर समाजमा दुईध्रुवीय धारणा देखिन्छ, एक पक्षले यसलाई क्रान्तिकारी कदमका रूपमा प्रशंसा गरिरहेका छन् भने अर्को पक्षले यसलाई अत्यधिक महत्वाकाङ्क्षी घोषणाका रूपमा व्याख्या गरिरहेका छन् । यथार्थ सम्भवतः यी दुईबिच कतै रहेको छ ।

***प्रशंसा र यथार्थबिचको दुरी***

सामाजिक सञ्जालमा सयबुँदे घोषणाप्रति व्यापक समर्थन देखिएको छ। परिवर्तनको चाहना, परम्परागत दलप्रतिको निराशा र नयाँ नेतृत्वप्रतिको विश्वासले यस्तो समर्थन स्वाभाविक पनि हो । जनतामा 'अब केही फरक हुन्छ' भन्ने आशा देखिनु सकारात्मक सङ्केत हो तर यही उत्साहबिच यसको व्यावहारिकता, कार्यान्वयन क्षमता र सम्भावित चुनौतीबारे गम्भीर बहस हुनु पर्छ। घोषणामा सात दिन, १५ दिन, ३० दिन र सय दिनभित्र पूरा गर्ने समयसीमा तोकिएका धेरै बुँदा छन् । यस्ता समयसीमा राजनीतिक रूपमा आकर्षक देखिए पनि प्रशासनिक यथार्थसँग सधैं मेल खान्छन् भन्ने छैन ।

नेपालको प्रशासनिक संरचना, कानुनी प्रक्रिया र संस्थागत ढिलासुस्तीलाई हेर्दा धेरै जसो काम स्वभावतः लामो समय लाग्ने खालका हुन्छन् । कतिपय निर्णय कार्यान्वयन गर्न कानुन संशोधन, बजेट विनियोजन र बहुस्तरीय समन्वय आवश्यक पर्छ, जसका लागि छ महिनादेखि एक वर्षसम्म समय लाग्न सक्छ। यस अवस्थामा अत्यधिक छोटो समयसीमा निर्धारण गर्दा दुई जोखिम देखिन्छन्, एकातिर समयमै काम सम्पन्न गर्न नसक्दा सरकारको विश्वसनीयता घट्न सक्छ, अर्कातर्फ हतारमा काम गर्दा गुणस्तर कमजोर हुने सम्भावना रहन्छ । त्यसैले दीर्घकालीन स्थायित्वका लागि योजनाबद्ध र चरणबद्ध कार्यान्वयन रणनीति आवश्यक हुन्छ ।

घोषणामा समेटिएका धेरै विषय पूर्ण रूपमा नयाँ भने होइनन् । शिक्षा सुधार, स्वास्थ्यसेवा विस्तार, भूमिहीनलाई जग्गा वितरण, सेवा प्रवाह सुधार, डिजिटल शासन, कृषि उपजको समर्थन मूल्य, यी सबै विषय विगतका सरकारले पनि प्राथमिकतामा राख्दै आएका हुन् । यसले एउटा महत्वपूर्ण तथ्य उजागर गर्छ, नेपालको समस्यामा नयाँ नीति अभाव होइन्, कार्यान्वयनको कमजोरी हो । नीति धेरै बने, घोषणा धेरै भए तर परिणाम अपेक्षित रूपमा देखिएनन् । सयबुँदे घोषणामा पनि यही चुनौती दोहोरिने जोखिम देखिन्छ । धेरै बुँदामा 'के गर्ने' भन्ने उल्लेख छ । अब 'कसरी गर्ने' भन्ने स्पष्ट खाका पनि कोर्नु पर्छ ।

उदाहरणका लागि कृषि उपजको समर्थन मूल्य निर्धारण गर्ने कुरा गरिएको छ तर यदि किसानले बजारमा तोकिएको मूल्य प्राप्त गर्न सकेनन् भने राज्यले कसरी हस्तक्षेप गर्ने ? के सरकारले न्यूनतम समर्थन मूल्यमा खरिद गर्ने व्यवस्था गर्छ ? कि निजी बजारलाई नियमन गर्ने ? कि किसानलाई प्रत्यक्ष अनुदान दिने ? यस्ता प्रश्नको स्पष्ट उत्तरबिना नीति केवल घोषणामै सीमित रहने खतरा हुन्छ । त्यसैले कार्यान्वयन संयन्त्र, जिम्मेवार निकाय र मूल्याङ्कन प्रणाली स्पष्ट पार्नु अत्यावश्यक छ ।

***आर्थिक पक्ष***

कुनै पनि नीतिको सफल कार्यान्वयनका लागि वित्तीय स्रोत अनिवार्य हुन्छ । यी सय बुँदा कार्यान्वयन गर्न कति बजेट आवश्यक पर्छ ? राज्यको आम्दानी र खर्च सन्तुलनमा यसको प्रभाव कस्तो पर्छ ? कर प्रणालीमा परिवर्तन आवश्यक पर्छ कि पर्दैन ? यी आधारभूत प्रश्नको उत्तर स्पष्ट रूपमा खोज्नु पर्छ। कतिपय बुँदाले खर्च घटाउने सम्भावना बोकेका हुन सक्छन्, जस्तै प्रशासनिक सुधार, डिजिटल प्रणाली विस्तार आदि तर धेरै बुँदा नयाँ पूर्वाधार, संस्थागत विस्तार र जनशक्ति व्यवस्थापनसँग सम्बन्धित छन्, जसले ठुलो लगानी माग गर्छ ।

उदाहरणका लागि प्रत्येक पालिकामा चिस्यान केन्द्र स्थापना गर्ने योजना कृषि क्षेत्रका लागि उपयोगी हुन सक्छ तर यसको लागत, सञ्चालन खर्च र दीर्घकालीन व्यवस्थापन कसरी गर्ने भन्ने स्पष्ट नभएसम्म यस्तो योजना व्यावहारिक बन्न सक्दैन । आर्थिक आधारबिना नीति घोषणा दीर्घकालीन रूपमा टिकाउ हुन सक्दैनन् । त्यसैले आगामी बजेटमार्फत यी योजनालाई वित्तीय आधार दिनु सरकारका लागि महत्वपूर्ण परीक्षा हुने छ ।

***संरचनात्मक सुधार***

राज्य संरचनासम्बन्धी गहिरो सुधारको स्पष्ट दृष्टिकोण आवश्यक हुन्छ । सङ्घीयता कार्यान्वयनको सन्दर्भमा प्रदेश र स्थानीय तहलाई थप अधिकार र स्रोत हस्तान्तरण आवश्यक हुन्छ तर कतिपय बुँदाले जिल्ला तहको संरचनालाई पुनः सुदृढ गर्ने सङ्केत गर्छन्, जसले सङ्घीयताको मर्मसँग विरोधाभास उत्पन्न गर्न सक्छ। राज्यको आकार घटाउने, प्रशासनिक दोहोरोपन हटाउने, सेवा प्रवाहलाई सरल बनाउने जस्ता विषयमा ठोस खाका आवश्यक हुन्छ। यदि संरचनात्मक सुधारबिना नयाँ कार्यक्रम थपिँदै गए भने राज्य संयन्त्र झन् जटिल र खर्चिलो बन्न सक्छ ।

***कर्मचारीतन्त्र र ट्रेड युनियन***

कर्मचारीतन्त्रमा दलीय ट्रेड युनियन अन्त्य गर्ने प्रस्ताव सकारात्मक रूपमा लिइएको छ । यसले प्रशासनिक निष्पक्षता र कार्यक्षमता बढाउने अपेक्षा गर्न सकिन्छ तर यहाँ एउटा संवेदनशील पक्ष पनि छ, ट्रेड युनियन अधिकार र दलीय हस्तक्षेपबिच स्पष्ट भिन्नता हुन्छ । पूर्ण रूपमा युनियन अधिकार हटाउने प्रयास गरियो भने अन्तर्राष्ट्रिय श्रम मापदण्ड र श्रमिक अधिकारमा असर पर्न सक्छ। त्यसैले दलीयकरण अन्त्य गर्ने तर श्रमिक अधिकार सुरक्षित राख्ने सन्तुलित मोडेल आवश्यक हुन्छ । यस विषयमा व्यापक बहस, कानुनी स्पष्टता र सरोकारवालासँग संवाद अपरिहार्य हुन्छ ।

***शिक्षा, सहकारी र अन्य विषय***

शिक्षाक्षेत्र दीर्घकालीन विकासको आधार हो तर शिक्षा ऐन, शिक्षकका माग र शैक्षिक गुणस्तर सुधार जस्ता विषय घोषणामा अपेक्षित रूपमा स्पष्ट देखिँदैनन् । त्यस्तै सहकारी क्षेत्रमा देखिएको ठगी समस्यालाई समाधान गर्ने प्रतिबद्धता स्वागतयोग्य छ तर ठगी भएको रकम कसरी फिर्ता गर्ने भन्ने विषयको स्पष्टता हुनु पर्छ। राज्यले प्रत्यक्ष रूपमा क्षतिपूर्ति दिने हो ? कि दोषीबाट असुली गर्ने ? असुली गर्ने हो भने त्यसका लागि कस्तो कानुनी संयन्त्र प्रयोग गरिने ? यस्ता प्रश्नको उत्तरबिना जनअपेक्षा पूरा गर्न कठिन हुन्छ ।

***सम्भावना र अवसर***

सयबुँदे घोषणाको सबैभन्दा ठुलो सकारात्मक पक्ष भनेको परिवर्तनप्रतिको प्रतिबद्धता र स्पष्ट प्राथमिकता निर्धारण हो । यसले सरकारलाई उत्तरदायी बनाउने अवसर पनि दिन्छ। जनताले अब सरकारका कामलाई यी बुँदाका आधारमा मूल्याङ्कन गर्न सक्छन् । सरकार लचिलो रूपमा काम गर्दै समयानुसार नीति परिमार्जन गर्न तयार हुन्छ भने यी घोषणालाई व्यावहारिक रूप दिन सकिन्छ । डिजिटल शासन, सेवा प्रवाह सुधार, कृषिक्षेत्रको आधुनिकीकरण जस्ता क्षेत्रमा सही कार्यान्वयन भएमा सकारात्मक परिणाम सम्भव छन् ।

बालेन सरकारको सयबुँदे घोषणा उत्साहजनक सुरुवात हो तर यो अन्तिम उपलब्धि होइन । प्रारम्भिक दिशानिर्देश मात्र हो । यसमा देखिएका प्रमुख चुनौतीहरू, व्यावहारिकता, कार्यान्वयनको अस्पष्टता, आर्थिक आधारको अभाव र संरचनात्मक सुधारको कमजोरी समयमै समाधान गर्न सके मात्र यसको सफल कार्यान्वयन सम्भव हुन्छ । नीति घोषणा गर्नु सजिलो हुन्छ तर त्यसलाई व्यवहारमा उतार्नु कठिन हुन्छ । यही नै कुनै पनि सरकारको वास्तविक परीक्षा हुन्छ । यदि यी बुँदालाई चरणबद्ध रूपमा परिमार्जन गर्दै कानुनी, संस्थागत र बजेटीय संरचनामा समावेश गरियो भने यसले शासन प्रणालीमा सकारात्मक परिवर्तन ल्याउन सक्छ । सरकारको सफलता उसको घोषणामा होइन, कार्यान्वयनमा मापन हुन्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## भारतमा विशाल जनगणना सुरु

*नयाँदिल्ली, चैत १७ गते ।*
तीव्र रूपमा बढ्दो जनसङ्ख्या र स्रोत व्यवस्थापनको दबाबबिच भारतले बुधबारदेखि विश्वकै सबैभन्दा ठुलो जनगणना अभियान सुरु गर्ने तयारी गरेको छ । करिब ३० लाखभन्दा बढी कर्मचारी परिचालन गरिने यस अभ्यासलाई सरकारले 'राष्ट्रिय महत्त्वको विशाल अभियान' का रूपमा चित्रण गरेको छ, जसले समावेशी शासन र प्रमाणमा आधारित नीति निर्माणलाई मार्ग दर्शन गर्ने अपेक्षा गरिएको छ ।



करिब एक अर्ब ४० करोड जनसङ्ख्या रहेको दक्षिण एसियाली मुलुक भारत अहिले आधारभूत आवश्यकता बिजुली, खाद्यान्न र आवास व्यवस्थापनमा बढ्दो चुनौतीसँग जुधिरहेको छ । देशका ठुला महानगर पानी अभाव, वायु तथा पानी प्रदूषण र अत्यधिक भिडभाडयुक्त बस्तीका समस्याले ग्रस्त छन्, जसले जनगणनाबाट प्राप्त हुने तथ्याङ्कको महत्त्व झन् बढाएको छ ।

यस पटकको जनगणनामा सबैभन्दा संवेदनशील मानिएको 'जात' सम्बन्धी विवरण पनि समेटिने छ । हिन्दु समाजमा हजारौँ वर्षदेखि कायम सामाजिक पदानुक्रमका आधारमा मानिसको पेसा र सामाजिक स्थिति निर्धारण हुने भएकाले यस विषयलाई राजनीतिक रूपमा पनि जटिल मानिन्छ । सन् २०११ मा गरिएको जाति सर्वेक्षण सार्वजनिक नगरिएको इतिहास छ भने औपचारिक रूपमा विस्तृत जातीय तथ्याङ्क अन्तिम पटक सन् १९३१ मा ब्रिटिस शासनकालमा सङ्कलन गरिएको थियो ।

लजिस्टिक हिसाबले पनि यो अभियान अत्यन्त चुनौतीपूर्ण रहने छ । भारतले सन् २०२४ मा सम्पन्न गरेको आम चुनाव नै विश्वकै सबैभन्दा ठुलो लोकतान्त्रिक अभ्यास मानिएको थियो, जुन सात चरणमा छ हप्तासम्म चलेको थियो । त्यसभन्दा पनि व्यापक दायरामा फैलिएको जनगणना दुई चरणमा सञ्चालन गरिने छ ।

पहिलो चरण बुधबारदेखि सेप्टेम्बरसम्म चल्ने छ, जसमा घरधुरी, आवासको अवस्था र आधारभूत सुविधाको विवरण सङ्कलन गरिने छ । यस क्रममा घर घरमै पुगेर तथ्याङ्क सङ्कलन गरिने छ भने नागरिकलाई अनलाइनमार्फत स्व-गणना गर्ने विकल्प पनि दिइने छ । स्याटेलाइट इमेजरीसँग जोडिएको डिजिटल नक्सा प्रणाली र १६ भाषामा उपलब्ध प्रविधिको प्रयोग गरिने छ । दोस्रो चरणमा भने जनसाङ्ख्यिकीय, सामाजिक र आर्थिक अवस्थासँगै जाति सम्बन्धी विस्तृत विवरण सङ्कलन गरिने छ । जाति अझै पनि भारतमा स्रोत, शिक्षा र अवसरको पहुँच निर्धारण गर्ने महत्त्वपूर्ण आधार भएकाले यसबाट प्राप्त तथ्याङ्कले नीति निर्माणमा गहिरो प्रभाव पार्ने अपेक्षा गरिएको छ । देशका अधिकांश क्षेत्रमा वास्तविक जनगणना सन् २०२७ मार्च १ लाई सन्दर्भ मिति मानेर गरिने छ । तर उच्च हिमाली क्षेत्र जम्मू काश्मीर जस्ता स्थानमा कठोर मौसमका कारण यो प्रक्रिया अक्टोबर १, २०२६ अगावै सम्पन्न गरिने छ ।

कोभिड-१९ महामारीका कारण सन् २०२१ को जनगणना स्थगित भएपछि भारतले पछिल्लो पटक सन् २०११ मा मात्र यस्तो अभ्यास गरेको थियो, जसअनुसार त्यतिबेला जनसङ्ख्या एक अर्ब २१ करोड थियो । संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०२३ सम्म आइपुग्दा भारत एक अर्ब ४२ करोडभन्दा बढी जनसङ्ख्यासहित विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको देश बनेको छ । यस्तो परिवेशमा सुरु हुन लागेको नयाँ जनगणनाले भारतको सामाजिक संरचना, आर्थिक अवस्था र भविष्यका नीतिगत प्राथमिकता निर्धारण गर्न महत्त्वपूर्ण आधार तयार गर्ने विश्वास गरिएको छ ।

## मध्य इरानमा सैन्य स्थलमा आक्रमण

*तेहरान, चैत १७ गते ।*
मध्य इरानको इस्फहान प्रान्तमा केही सैन्य स्थलमा आक्रमण हुँदा प्रान्तको सुरक्षा संरचना र औद्योगिक पूर्वाधारमा क्षतिको सङ्केत देखिएको छ । प्रारम्भिक विवरण अनुसार आक्रमणले प्रान्तका प्रमुख सैन्य बेसलाई लक्षित गरेको देखिन्छ, तर क्षतिको परिमाण र हताहतको विवरण अझै स्पष्ट भएको छैन ।



इस्फहान प्रान्त इरानको रक्षा उद्योगको मुख्य केन्द्र मानिन्छ र यसमा नातान्जसहितका प्रमुख आणविक सुविधा रहेका छन् । गभर्नर कार्यालयका सुरक्षा अधिकारी अकबर सालेहीका अनुसार प्रारम्भिक अनुसन्धानले आक्रमण स्थलमा केही सैन्य साइटलाई लक्षित गरिएको देखाएको छ । इरानी अधिकारीहरूले गत जुनमा इजरायलसँगको १२ दिने द्वन्द्व र हालको फेब्रुअरी २८ बाट सुरु भएको युद्धका क्रममा पनि प्रान्तका आणविक तथा रणनीतिक साइट लक्षित भएको जानकारी दिए।

इस्फहानमा बद्र एयरबेस, आठौँ सेकरी एयरबेस र चौथो एयर फोर्स बेससहित धेरै महत्त्वपूर्ण सैन्य आधार छन् । युद्ध र हड्तालका असरले इस्फहान युनिभर्सिटी अफ टेक्नोलोजीसहित नागरिक पूर्वाधारमा पनि क्षति पुगेको छ । सहरका ऐतिहासिक र सांस्कृतिक स्थल सफाविद युगको अब्बासी जमेह मस्जिद, अली कपु दरबार र नक्श ए जहाँ स्क्वायरमा समेत असर परेको छ । युनेस्कोका लागि इरानी राष्ट्रिय आयोगका महासचिव हासन फर्तौसीले प्रान्तमा 'ठुलो' क्षति भएको बताउनुभयो ।

औद्योगिक क्षेत्र पनि असरमुक्त रहेन; मोबाराकेह स्टिल कम्पनी कम्प्लेक्समा आक्रमणका कारण उत्पादनमा अवरोध आएको छ । यस घटनाले मध्य इरानको रणनीतिक र ऐतिहासिक महत्त्वलाई पुनः उजागर गरेको छ, जहाँ सैन्य, औद्योगिक र सांस्कृतिक लक्ष्य सुरक्षित राख्ने चुनौती अझ स्पष्ट देखिएको विश्लेषण गरिएको छ ।

## इनिसा मृत्यु प्रकरण: चारै जना पुर्पक्षका लागि बाल सुधार गृहमा पठाइए

*मङ्गलबार, १७ चैत २०८२, सुर्खेत।*
बलात्कारपछि हत्या आरोपमा पक्राउ परेका चारै जना नाबालकलाई जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षका लागि बाल सुधार गृहमा पठाइएको छ।




१६ वर्षीया किशोरी इनिसा विकको बलात्कारपछि हत्या भएको आरोपमा उनका प्रेमी सहित चार जना नाबालकलाई पक्राउ गरिएको थियो। अदालतका सूचना अधिकारी उज्वल रावलका अनुसार हाल उनीहरूलाई सुधार गृहमा राखिएको छ, तर मुद्दाको अन्तिम फैसला भने बाँकी नै रहेको छ। "सबै साक्षीहरूको बयान र प्रमाणको अध्ययनपछि मात्र यस मुद्दामा अन्तिम ठहर हुनेछ," उनले बताए।

इनिसा विक गुठी बसोबासी, गुर्भाकोट नगरपालिका-६ बडाखोलीकी स्थायी बासिन्दा थिइन् र हाल वीरेन्द्रनगर नगरपालिका-१ मा परिवारसँग बस्दै आएकी थिइन्। फागुन २३ गते शनिबार बिहान ६ बजे ट्युसन पढ्न निस्किएकी उनी बिहान ९ बजे वीरेन्द्रनगर-४ स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी थिइन्। प्रदेश अस्पताल पुऱ्याउँदा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

पोस्टमार्टम रिपोर्ट अनुसार मृतकको संवेदनशील अंग जबरजस्तीकरणी गर्दा च्यातिएको र अत्यधिक रक्तश्रावका कारण मृत्यु भएको थियो। प्रारम्भिक अनुसन्धानमा प्रेमीसँग सहमतिमै यौन सम्बन्ध भएको बताइएको भए पनि, सरकारी वकिलको दाबी अनुसार योजनाबद्ध सामूहिक बलात्कार भएको आरोपमा चारै जना नाबालकविरुद्ध मुद्दा दायर गरिएको थियो।

अदालतले मंगलबार चारै नाबालकलाई पुर्पक्षका लागि बाल सुधार गृहमा पठाउन आदेश जारी गरेको छ। मुद्दाको अन्तिम फैसला पछि मात्र सबै आरोपहरूको स्पष्ट निर्णय हुनेछ।

## मुद्दा ...

पक्राउपछि बरामद गरिएको रकम तथा सम्बन्धित कागजातहरू नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाइएको छ।
आयोगले यस प्रकरणमा अन्य कुनै कर्मचारी वा व्यक्तिको संलग्नता रहेको छ वा छैन भन्नेबारे पनि अनुसन्धान भइरहेको जनाएको छ। दोषी प्रमाणित भएमा प्रचलित भ्रष्टाचारसम्बन्धी कानुनअनुसार कडा कारबाही हुने आयोगले स्पष्ट पारेको छ।
यस घटनाले न्यायिक निकायभित्रै हुने भ्रष्टाचारप्रति गम्भीर प्रश्न उठाएको छ भने सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता आवश्यक रहेको सरोकारवालाहरूले औँल्याएका छन्।

## सुशासन ...

विकास-निर्माणमा सन्तुलन कायम गर्न नसकेको निष्कर्ष अध्ययन समितिले निकालेको छ। साथै, संरचना प्रभावकारी नभई खर्चिलो बन्दै गएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ।
तत्कालीन सरकारले सुशासन मार्गचित्र तयार पार्न सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा १३ सदस्यीय समिति गठन गरेको थियो। उक्त समितिले तयार पारेको प्रतिवेदनमा संरचनागत सुधारका प्रमुख बुँदामध्ये जिसस खारेजीलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने सुझाव दिइएको छ।
प्रशासनिक संरचनालाई थप चुस्त, किफायती र परिणाममुखी बनाउने उद्देश्यसहित गरिएको यो सिफारिस कार्यान्वयनमा आएमा स्थानीय तहको शासन संरचनामा ठूलो परिवर्तन आउने आकलन गरिएको छ।

## २० हजार ...

जनाएको छ। यस घटनासँग सम्बन्धित थप विवरण संकलन तथा प्रमाण जुटाउने कार्य जारी रहेको छ।
अख्तियारका अनुसार सार्वजनिक पदमा रहेका कर्मचारीले सेवाग्राहीसँग घुस लिने कार्य भ्रष्टाचारजन्य अपराध भएकाले यस्ता गतिविधिमाथि कडा निगरानी र कारबाहीलाई निरन्तरता दिइने बताइएको छ।

## कलैयामा ...

उठाउने चेतना जगाउँछ। हामी सबैले सरकार र सुरक्षा निकायसँग सहकार्य गर्दै देशमा शान्ति कायम राख्नुपर्छ।"
उक्त कार्यक्रममा सौरभ चौगाई, सुरज साह, संजय चौधरी, प्रशान्त यादव, आनन्द गुप्ता, रोहित पटेल, अशोक पाण्डे, सुरज खनाल, लालु गुप्ता र एजाजुल अंसारी लगायतका जेनजी युथका पदाधिकारीहरूको सक्रिय सहभागिता रहेको थियो।
आयोजकहरूले बताएअनुसार, ¥यालीले शान्ति, सुशासन र भ्रष्टाचारविरुद्ध युवाको भूमिकालाई समुदायमा प्रष्ट रुपमा देखाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# बागमतीमा मन्त्रालय संख्या आधा घटाउने ७ पुर्याउने कांग्रेसको निर्णय

*हेटौंडा, चैत १७ –*
नेपाली कांग्रेस ले बागमती प्रदेशमा मन्त्रालय संख्या १४ बाट घटाएर ७ वटा कायम गर्ने निर्णय गरेको छ। मंगलबार बसेको कांग्रेस संसदीय दलको बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाहेक सात मन्त्रालय मात्र राख्ने निष्कर्ष निकालेको हो।
दलका नेता तथा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ को अध्यक्षतामा बसेको बैठकले प्रदेश सरकारको संरचना सानो र चुस्त बनाउने उद्देश्यसहित यस्तो निर्णय गरेको जनाएको छ। साथै हाल रहेका ७ निर्देशनालयलाई २ मा सीमित गर्दै ५ वटा निर्देशनालय खारेज गर्ने प्रस्ताव पनि अघि सारिएको छ।
कर्मचारी व्यवस्थापनतर्फ ७०१ दरबन्दी कटौती गर्ने मस्यौदालाई सरकारमा सहभागी अन्य दलसँग छलफल गरी पारित गर्ने पहल गरिने भएको छ। बागमतीमा कांग्रेस र नेकपा एमाले को संयुक्त सरकार रहेकाले यस विषयमा सहमति



खोजिने जनाइएको छ।
यसअघि प्रदेश प्रशासनिक पुनर्संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समिति ले मुख्यमन्त्री कार्यालयसहित ८ वटा मन्त्रालय पर्याप्त हुने सुझाव दिएको थियो। समितिले अनावश्यक संरचना हटाउँदै प्रशासनिक खर्च घटाउन ७०१ कर्मचारी कटौती गर्न पनि सिफारिस गरेको थियो।
अध्ययन समितिले आर्थिक मामिला तथा योजना, उद्योग-पर्यटन-यातायात, कृषि तथा सहकारी, भौतिक पूर्वाधार, वन तथा वातावरण, सहरी तथा स्थानीय विकास र स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ।
यस्तै, कांग्रेस संसदीय दलले एक साताभित्र प्रदेशसभा बैठक आह्वान गर्न सरकारलाई आग्रह गर्ने तथा बागमती प्रदेश सभामुख पदमा आफ्नो दावी प्रस्तुत गर्ने निर्णयसमेत गरेको छ।

# जुवा र सट्टेबाजीका विज्ञापनमा प्रतिबन्ध, उल्लंघन गरे कारबाही हुने

*काठमाडौं, चैत १६ –*
नेपालमा जुवा तथा सट्टेबाजीसम्बन्धी विज्ञापन र प्रचारप्रसार पूर्ण रूपमा निषेध गरिएको छ। विज्ञापन बोर्ड ले एक विज्ञप्ति जारी गर्दै यस्ता सामग्री प्रकाशन, प्रसारण वा प्रदर्शन नगर्न सबै सञ्चारमाध्यम, सामाजिक सञ्जाल तथा सम्बन्धित निकायलाई निर्देशन दिएको हो।
बोर्डका अनुसार अनलाइन जुवा, बेटिङ तथा यस्ता गतिविधिसँग सम्बन्धित कुनै पनि प्रकारका विज्ञापन अब कानुनविपरीत मानिनेछ। यदि कसैले यस्तो सामग्री प्रचार गरेको पाइएमा प्रचलित कानुनअनुसार कडा कारबाही गरिने चेतावनी दिइएको छ।
सरकारले यसअघि नै शासकीय सुधारका कार्यक्रमअन्तर्गत सट्टेबाजीसम्बन्धी एप र




वेबसाइटहरू बन्द गर्ने नीति अघि बढाएको थियो। सोही नीतिअनुसार बोर्डले थप कडाइ गर्दै सार्वजनिक रूपमा प्रचार-प्रसारमै रोक लगाएको हो। अपराध संहिता, २०७४ को दफा १२५ अनुसार नेपालमा जुवा खेल्न वा खेलाउन मात्र होइन, त्यससम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा प्रदर्शन गर्नसमेत निषेध गरिएको छ। बोर्डले यही कानुनी व्यवस्थालाई आधार मानेर यस्तो निर्देशन जारी गरेको जनाएको छ। बोर्डले सबै सरोकारवालालाई कानुनी प्रावधानको पालना गर्न आग्रह गर्दै अनलाइन प्लेटफर्म र सामाजिक सञ्जालमार्फत हुने अवैध प्रचारप्रसार नियन्त्रणमा कडाइ गरिने स्पष्ट पारेको छ।

# प्रधानन्यायाधीश राउत अवकाशमा, सपना मल्ल कार्यवाहक नेतृत्वमा

*काठमाडौं, चैत १७ –*
नेपालका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत उमेर हद ६५ वर्ष पूरा भएपछि चैत १८ देखि अनिवार्य अवकाशमा जाँदैछन्। उनको बहिर्गमनसँगै सर्वोच्च अदालतको नेतृत्व वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल ले कायममुकायम प्रधानन्यायाधीशका रूपमा सम्हाल्ने तयारी भएको छ।
कानुन व्यवसायबाट करिब तीन दशकभन्दा लामो अनुभव बटुलेका राउत २०७३ सालमा सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त भएका थिए। त्यसयता उनले न्यायिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै प्रधानन्यायाधीशको



जिम्मेवारी सम्हालेका थिए। उनको कार्यकालबाट न्यायालय सुधार र शुद्धीकरणको अपेक्षा गरिएको भए पनि तीमध्ये केही पहल मात्रै कार्यान्वयनमा आउन सकेका छन्। विशेषगरी न्यायपालिकाभित्र देखिएका विकृति, बिचौलिया प्रभाव र पारदर्शितासम्बन्धी मुद्दामा अपेक्षाअनुसार सुधार हुन नसकेको भन्दै उनको कार्यकालको मिश्रित मूल्याङ्कन भइरहेको छ। उनले केही संरचनागत सुधार अघि बढाए पनि 'कार्की प्रतिवेदन' कार्यान्वयन भने पूर्ण रूपमा हुन सकेन। अब नेतृत्व सम्हाल्न लागेकी मल्ल मानवअधिकार र न्यायिक क्षेत्रको अनुभवी व्यक्तित्व मानिन्छिन्। उनको नेतृत्वमा न्यायालयले सुधारका अधुरा एजेन्डा अघि बढाउने, संस्थागत पारदर्शिता सुदृढ गर्ने तथा बदलिँदो राजनीतिक परिवेशबीच न्यायिक स्वतन्त्रता कायम राख्ने चुनौती सामना गर्नुपर्नेछ।

# २० हजार रुपैयाँसहित मालिगाउँका सई दिनेश राउत ग्रिन स्टार क्याफेबाट रंगेहात पक्राउ

*काठमाडौं १७ चैत,*
प्रहरी वृत्त मालिगाउँमा कार्यरत प्रहरी नायब निरीक्षक (सई) दिनेश राउत २० हजार रुपैयाँ घुस लिँदै रंगेहात पक्राउ परेका छन्। सेवाग्राहीसँग घुस लिएको आरोपमा उनलाई नियन्त्रणमा लिइएको हो।
३५ वर्षीय राउतले बैंकिङ कसुरसम्बन्धी मुद्दामा जाहेरवालाको रकम फिर्ता गराइदिने आश्वासन दिँदै सेवाग्राहीसँग घुस मागेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। सोही क्रममा उनले सेवाग्राहीबाट २० हजार रुपैयाँ लिइरहेको अवस्थामा पक्राउ परेका हुन्।
अख्तियार दुरुपयोग अनुसन्धान



आयोगको टोलीले विशेष सूचनाका आधारमा काठमाडौंस्थित ग्रिन स्टार क्याफेमा निगरानी राखेको थियो। मंगलबार साँझ करिब ५ बजेको समयमा रकमको लेनदेन भइरहेका बेला टोलीले उनलाई रंगेहात पक्राउ गरेको जनाएको छ।
पक्राउपछि राउतलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको अख्तियारले

बाँकी तेस्रो पृष्ठमा

# कलैयामा जेनजी युथको मोटरसाइकल र्‍याली : बालेन सरकार र सुरक्षा निकायको समर्थन

*संवाहक सम्वाददाता-१७चैत्र, कलैया*
बाराका युवाहरूले बालेन सरकार र सुरक्षा निकायको सहयोगमा कलैयामा मोटरसाइकल र्‍याली आयोजना गरेका छन्। र्‍याली जेनजी युथ अफ बाराका संयोजक सौरभ पाण्डेको नेतृत्वमा गरिएको थियो, जसमा युवाहरूले सरकारको सकारात्मक काम र सुशासनको महत्त्व जनसमुदायमा प्रचार गरेका छन्।
र्‍याली दरबार रोडबाट सुरु भएर भरत चोक, बालमन्दिर, श्री ३ चन्द्र रोड, देवकोटा चोक, गुप्ता पेट्रोल पम्प हुँदै बजार क्षेत्रमा सम्पन्न भएको थियो। सहभागीहरूले




सडकमा जनतालाई अभिवादन गर्दै, "भ्रष्टाचारी जेलमा, नयाँ सरकारको काम सफल" लगायतका नारासहित जनचेतना अभिवृद्धि गर्ने प्रयास गरेका थिए।
जेनजी युथ संयोजक पाण्डेले भने, "यो र्‍यालीले युवाहरूमा राष्ट्रप्रतिको जिम्मेवारी र भ्रष्टाचारविरुद्ध आवाज

बाँकी तेस्रो पृष्ठमा

# जेनजी आन्दोलनको दमन आरोपमा पूर्व सीडीओ छवि रिजालको रिहाइप्रतिको प्रतिक्रिया

*काठमाडौं, १७ चैत ।*
आजै बिहान पक्राउ परेका पूर्व प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई हाजिरी जमानीमा रिहा गरिएको छ। यो निर्णयसँगै मानवअधिकार समूह, राजनीतिक दल र आम जनता सबैको ध्यान आकर्षित भएको छ।
मानवअधिकार समूहहरूले रिजालको रिहाइको आलोचना गरेका छन्। उनीहरूको तर्क छ कि जेनजी आन्दोलनका क्रममा सहभागी नागरिकमाथि दमन गरेको आरोप रहँदा तत्काल रिहाइले संवेदनशील राजनीतिक घटनाप्रति अनुग्रहपूर्ण संकेत दिन सक्छ। "यसले दमनमा संलग्न उच्च पदस्थ व्यक्तिहरूको जवाफदेहिता कम गर्ने खतरा बोकेको छ," मानवअधिकार



समूहका एक प्रतिनिधिले अनलाइनखबरसँग बताए।
त्यसैगरी, केही राजनीतिक दलका नेताहरूले रिहाइलाई कानुनी प्रक्रिया अनुसार भएको निर्णयको रूपमा स्वागत गरेका छन्। उनका अनुसार, प्रारम्भिक अनुसन्धान र अदालतको आदेश अनुसार हाजिरी जमानीमा रिहा गर्नु न्यायिक प्रक्रिया अनुरूप रहेको हो। उनीहरूले थप अनुसन्धान र कानुनी कार्यवाही जारी रहने स्पष्ट पारेका छन्।
जिल्ला प्रहरी परिसर, काठमाडौंका अधिकारीहरूले पनि रिजालको रिहाइसँगै आवश्यक अनुगमन र सुरक्षा व्यवस्थालाई निरन्तरता दिने बताएका छन्। अनुसन्धान टोलीले घटनासँग सम्बन्धित अन्य विवरण संकलन र प्रतिवेदन तयार गर्ने काम जारी राख्ने योजना बनाएको छ।
यो घटनाले आगामी राजनीतिक र न्यायिक घटनाक्रममा ध्यानाकर्षण बढाउने अनुमान गरिएको छ। विशेषज्ञहरूका अनुसार, रिजालको रिहाइले न्यायिक प्रक्रियामा समयमै निर्णय गर्ने अभ्यासलाई बलियो बनाउने साथै नागरिक अधिकार र सरकारी दमनबीचको सन्तुलनको विषयलाई पुनः छलफलमा ल्याउने

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।